NPW
"जलविद्युत, पर्यटन र कृषि नौमुलेका तीन आधार, स्थानीय समृद्धिको पहरेदार"
नौमूले गाउँपालिकाको पहिलो पत्रिका
# नौमूलेपोष्ट
NAUMOOLEPOST WEEKLY साप्ताहिक

सडक छेउ तथा किनारामा निर्माण सामाग्री नराखौँ । घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण गरौँ । गाउँपालिकाको विकासमा सवैले हातेमालो गरौँ । सडक तथा पेटीमा आवागमनमा अवरोध हुनेगरी सामाग्री नराखौँ ।
नौमूले गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नौमूले, दैलेख
कर्णाली प्रदेश, नेपाल

● वर्ष ८ अंक ११ ● २०८२ असार १६ गते सोमवार Mon 30 June 2025 ● पृष्ठ ४, मुल्य रु. १० रुपैयाँ ।

# राजस्व सुधार सम्बन्धि छलफल

**नौमूलेपोष्ट समाचारदाता**
**दैलेख**

दैलेखको नारायण नगरपालिकामा राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धि प्रमाणिकरण कार्याशाला गोष्ठी गरिएको छ । नारायण नगरपालिकाको आयोजना यूरोपियन यूनियनको सहयोग, यूनिसेफ र सशक्त महिला समृद्ध नेपाल परियोजनाको प्राविधिक सहयोगमा राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धि प्रमाणिकरण कार्याशाला गोष्ठि गरिएको हो ।



कार्यक्रममा नगर भित्रको आन्तरिक राजस्व कसरी बृद्धि गर्न सकिन्छ ? स्थानीय सरकारको वित्तीय स्रोत, करको दायरा, नगरपालिकाको आन्तरिक स्रोत बृद्धिका लागि स्रोतको पहिचान र राजस्व सम्बन्धि छलफल गरिएको सशक्त महिला समृद्ध नेपाल परियोजनाका फोकल पर्सन खमबहादुर थापाले जानकारी दिए ।

कार्यक्रममा नारायण नगरपालिका दैलेखका अधिकृत आठौँ पदम सापकोटाले स्थानीय तहले आफ्नो संचालन खर्च धान्न समस्या भएको बताए । उनले केन्द्रको नितिले बजेट कम आउने र स्थानीय तहले आफ्नो संचालन खर्च धान्न समस्या हुने गरेको गुनासो गरे । दिगो विकासका लागि केन्द्रको बजेट र नगरपालिकाले आन्तरिक स्रोत अथवा राजस्व के कसरी अगाडि बढाउने भन्ने बिषयमा स्थानीय नागरिक, सरोकारवाला सबैले सहयोग गर्नुपर्ने सापकोटाले वताए ।

यस्तै नगरपालिका भित्रका नागरिकलाई करको दायरामा ल्याउनुपर्ने राजस्व परिचालन तथा स्थानीय आर्थिक विकास युनियन पिएफएम सहयता कार्यक्रमका विज्ञ डाक्टर हेमराज लामिछानेले बताए । उनले हामीले गरेको आम्दानी अनुसार नगरपालिकालाई कर तिर्नुपर्ने बताए ।

नारायण नगरपालिका दैलेखका नगरप्रमुख लोमन शर्माले आगामी आर्थिक वर्षमा कार्यविधि बनाएर राजस्व संकलन गर्नुपर्ने बताए । उनले नगरपालिका आगमि बर्षमा लक्षित बर्गलाई समेत समेटर काम गर्ने योजना बनाएको बताए । नगरपालिकाले अपेक्षा गरे अनुसारको आन्तरिक आम्दानी गर्न नसक्दा योजना तथा विकास निर्माणका काममा बाधा पुऱ्याएको नगरप्रमुख शर्माले वताए ।

छलफलमा सहभागी सरोकारवालाहरूले स्थानीय सरकारले विज्ञापन कर, मनोरन्जन कर लगाएतका विभिन्न १२ प्रकारका कर उठाउन पाईने संवैधानिक व्यवस्था भएको वताए । सरोकारवालाहरूले आन्तरिक आम्दानी र राजस्व वृद्धि गर्न स्थानीय सरकारले आम नागरिकहरूलाई करको दायरामा ल्याउन जरूरी रहेको वताएका थिए ।

उनीहरूले अहिले पनि स्थानीय सरकारहरूले दर्ता भएका, दर्ता हुन वाँकी रहेका व्यवसायीहरूलाई करको दायरामा ल्याउन नसकेको र त्यस्ता व्यवसायीहरूलाई पनि करको दायरामा ल्याउन जरूरी रहेको वताए ।

# एसइइमा फुलवारीका चार विद्यार्थीको ए प्लस




**नौमूलेपोष्ट समाचारदाता**
**दैलेख**

दैलखको नारायण नगरपालिका ६ मा रहेको फुलवारी विद्या मन्दिरले एसईई परिक्षा २०८१ मा उत्कृष्ट नतिजा प्राप्त गर्दै शैक्षिक उत्कृष्टताको पुन: पुष्टि गरेको छ ।

विद्यालयका अनुसार रोशन बोगटीले ३.९२ जीपीए ल्याएर विद्यालयमा सर्वोच्च स्थान हासिल गरेका छन् । बोगटी दैलेख जिल्लाका निजि तथा आवाशिय विद्यालयहरू मध्ये जिल्ला टपर भएका छन् ।

यस्तै फुलवारीका हिमाल गुरूङ (३.७०), पुजाराम शाही (३.६३), भुपेश कुमार वुढा मगर (३.६३) ले ए प्लस ल्याएका छन् । एसईई परिक्षाको नतिजा अनुसार विद्यालयका ४ जना विद्यार्थीले ए प्लस, १९ जना विद्यार्थीले ए, २ जना विद्यार्थीले बी प्लस र १ जनाले विद्यार्थीले बी ग्रेड प्राप्त गरेका छन् ।

विद्यालयका प्रिन्सिपल सुवास कुमार थापाले नतिजा अत्यन्तै उत्साहजनक रहेको भन्दै विद्यार्थी, शिक्षक, अभिभावक र विद्यालय व्यवस्थापनको समन्वयित प्रयासले यस्तो परिणाम सम्भव भएको बताए ।

यसले विद्यालयको शैक्षिक गुणास्तरमा थप विश्वास दिलाएको प्रिन्सिपल थापाको भनाई छ । प्रिन्सिपल थापाले भविष्यमा अझ गुणस्तरीय शिक्षण प्रणाली मार्फत विद्यार्थीको सर्वांगीण विकासमा केन्द्रित हुने प्रतिबद्धता जनाए ।

यस्तै एसईई परिक्षा २०८१ मा सफलता प्राप्त गर्ने सम्पूर्ण विद्यार्थीहरुलाई विद्यालय परिवारले बधाई तथा शुभकामना व्यक्त गरेको छ । साथै, साथ र सहयोग गर्ने शिक्षक, अभिभावक तथा शुभचिन्तकहरुप्रति विशेष आभार प्रकट गरिएको छ ।

फुलबारी विद्या मन्दिरमा अहिले संगित तथा नृत्यका कक्षा लगाएतका अन्य अतिरिक्त कक्षाहरू पनि संचालन भैरहेको प्रिन्सिपल थापाले वताए ।

तपाई हाम्रै नौमूले वजारमा विगत लामो समय देखि सेवा दिदै आइरहेको एक मात्र सुनचाँदी पसल
रमेश सुनचाँदी पसल नौमूले वजार दैलेख
हाम्रा सेवाहरू :
- नं. १ सुनवाट आधुनिक तथा पुराना डिजाइनका गरगहनाहरू विना रसायन तयार गरिन्छ ।
- हाम्रो पसलमा रेडिमेट गहनाहरू पाउनुका साथै ग्राहकको अर्डर बमोजिमका गहना तयार गरिन्छ ।
- हामीकहाँ बनाइएका गहनाहरू ग्राहकको आवश्यकता अनुसार सोही सामान राखी नगद सहयोग गरिन्छ ।

बविता कस्मेटिक पसल
हामीकहाँ : स्वदेसी तथा विदेसी ब्राण्डका कस्मेटिकका सम्पूर्ण सामान पाउनुका साथै थोक तथा फुटकर विक्रि वितरण गरिन्छ ।
प्रो० सम्झना गहतराज ९८०२५४५८८०

प्रभु मनी ट्रान्सफर
प्रभु मनी ट्रान्सफर PRABHU Money Transfer
छिटो छरितो र विश्वसनीय रूपमा विश्वको जुनसुकै देशवाट पैसा पठाउन र पाउनको लागि नौमूले बजारमा रहेको एक पटक सम्झनै पर्ने नाम 'प्रभुमनी ट्रान्सफर'।
प्रो० रमेश गहतराज ९८१५५७०६००

पुलचोक नजिक मेनरोड, नौमूले वजार दैलेख

मध्यपश्चिम डेन्टल हस्पिटल प्रा.लि.
विशेषज्ञ दन्त स्वास्थ्य सेवामा
विशेष छुट अफर
उपचारमा ३५% छुट
दाँतमा सिमेन्ट भर्ने, दाँतमा खोल लगाउने, डेन्टल एक्सरे गर्ने, कृतिम दाँत लगाउने, दाँतमा सिमेन्ट भर्ने, दाँतमा खोल लगाउने, डेन्टल एक्सरे गर्ने, कृतिम दाँत लगाउने, दाँतमा सिमेन्ट भर्ने, दाँतमा खोल लगाउने, डेन्टल एक्सरे गर्ने, कृतिम दाँत लगाउने
हरेक दिन विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
प्रत्येक शनीबार नि:शुल्क दाँत फालिन्छ ।
वीरेन्द्रनगर-९, लाटिकोइली, सुर्खेत
०८३-५९०४३३, ९८४८०५१०३३

सम्पादकीय............................

# दुर्भाग्य हो

'वैश्य युग' व्यवसायमा र व्यापार व्यवसाय विज्ञापनमा अडेको देखिन्छ । विज्ञापनको माध्यम र स्वरुप पनि युगसँगै बदलिँदै गएको छ । पछिल्ला वर्षहरुमा विज्ञापनको मूल माध्यम सामाजिक सञ्जाल बन्न पुगेको देखिन्छ । अनलाइन कारोबारले ग्राहक र व्यापारीको सम्बन्ध पनि बदलिएको छ । अब ग्राहक र व्यापारीका बीचमा देखभेटै नभई वस्तु वा सेवाको लेनदेन भइसकेको हुन्छ । नेपाली समाज पनि यस्तो 'अनलाइन' कारोबारमा अभ्यस्त भइरहेको छ । समाजमा किनबेचको अभ्यासमा आएको परिवर्तनसँगै राज्यका संयन्त्रहरुमा भने समयसापेक्ष गति र प्रवृत्ति देखिएको छैन । सामाजिक सञ्जालमा गरिएका विज्ञापनको न सरकारी संयन्त्रले सत्यापन गर्छ न ठगिएका उपभोक्ताले नै प्रश्न उठाउने झन्झट गर्छन् । राज्य र नागरिकको यही उदासीनताले अहिले अनलाइन पसलहरुका नाममा अप्रमाणित र अविश्वसनीय दाबीसहितका विज्ञापन व्यापक भएका छन् । विशेषगरी विभिन्न रोगको 'रामवाण' उपचारका रुपमा सामाजिक सञ्जालमा गरिने दाबीको राज्य र समाजले निगरानी वा परीक्षण भने गरेको देखिन्न ।

हुनत, नक्कली चिकित्सकहरुले खुलायाम अस्पतालै चलाउने आँट गर्दा पनि वर्षौंसम्म आधिकारिक निकायबाट सोधखोज नहुने मुलुकमा 'क्वाक' हरुको अनलाइन विज्ञापनको निगरानी नहुनु अस्वाभाविक नहोला । तर, नागरिकलाई ढाँटछल गरेर ठग्न खोज्नेलाई कारबाही गर्नु राज्यको कर्तव्य त हो । अनलाइन पसलबाट किनिने वस्तुको गुणस्तर विज्ञापनमा दाबी गरिएजस्तो हुँदैन । केही संगठित अनलाइन पसलहरुमा किनमेल गर्दा फिर्ता गर्ने सुविधा पनि हुन्छ । तर, सामाजिक सञ्जालमा सीमित पसलहरु भने ठगीका माध्यम बनेका छन् । आधुनिक प्रविधि राज्यभन्दा अपराधीले छिटो अपनाउँछन् । तैपनि, जनउत्तरदायी राज्यले अपराधको सधैँ नै निगरानी गरिरहेको हुन्छ । अनलाइन कारोबारको निगरानी गर्न पर्याप्त प्रविधि र जनशक्ति नभए पनि राज्यले गर्नै नसक्ने भने होइन ।

पत्रकारको अभिव्यक्ति स्वतन्त्रतामा धावा बोल्न प्रयोग गरिएको ऐन र संयन्त्र सामाजिक सञ्जालमा छ्यापछ्यापी देखा परेका 'क्वाक' र 'ठग'हरुको निगरानीमा प्रयोग गरिएको भए अनलाइन कारोबार बढी भरपर्दो हुन्थ्यो । त्यसो गर्न सके सक्कली व्यवसायी समेतको संरक्षण हुन्छ । चिम्टाले 'मधुमेह' नियन्त्रित हुने, औँठीले उच्चरक्तचाप नियन्त्रित हुने, बुटी विशेषले अरु गम्भीर रोगहरु निको हुने जस्ता विज्ञापन निर्बाध प्रसारित भइरहँदा स्वास्थ्यसँग सम्बन्धित प्राज्ञिक संस्था र व्यक्तिहरुले बेवास्ता गर्नु प्रकारान्तरले गैरजिम्मेवार हुनु नै हो । जनस्वास्थ्यप्रति यति गैरजिम्मेवार त नहुनुपर्ने हो । यस्तै, मानव बेचबिखनको यत्रो हल्लीखल्ली हुँदा पनि सामाजिक सञ्जालमा गरिएका अपत्यारिला विज्ञापन सम्बन्धमा सांसददेखि अभियन्तासम्म सबै तमासे देखिनु पनि दुर्भाग्य हो ।

# साताको राशिफल

**मेष** : साताको प्रारम्भमा स्वास्थ्यमा सुधार हुनेछ । कानुनी समस्याहरु लम्बिनेछ । साताको मध्यमा धर्मकर्ममा रूचि बढ्नेछ । पितासँगको सम्बन्ध प्रगाढ हुनेछ । यो साताको शुभ रंग रातो र निलो हो भने शुभ अंक ३ र ७ रहेको छ ।

**वृष** : साताको प्रारम्भमा वैदेशिक रोजगारमा सफलता मिल्नेछ । विद्यार्थी वर्गहरुलाई शिक्षामा परिश्रमको उचित परिणाम नमिल्नाले मन निराश रहनेछ । यो साताको शुभ रंग सेतो र गुलाबी हो भने शुभ अंक २ र ३ रहेको छ ।

**मिथुन** : साताको प्रारम्भमा साझेदारी व्यापारबाट लाभ आर्जन गर्न सकिनेछ । आय आर्जनका स्रोतहरू बढ्नेछन् । साताको अन्तिममा शेयर बजारबाट मनग्य लाभ मिल्ला । यो साताको शुभ रंग सेतो र हरियो हो भने शुभ अंक ३ र ९ रहेको छ ।

**कर्कट** : साताको प्रारम्भमा सन्तानको प्रगतिले मन प्रसन्न रहनेछ । आर्थिक पक्ष सबल रहनुको साथै भावनात्मक सम्बन्धमा सुधार आउनेछ । यो साताको शुभ रंग सेतो र खैरो हो भने शुभ अंक ३ र ८ रहेको छ ।

**सिंह** : साताको प्रारम्भमा पारिवारिक चिन्ताले मन अशान्त रहनेछ । आकस्मिक हानि हुने सम्भावना रहेको छ । पुरानो कार्यको प्रशंसा हुनेछ । यो साताको शुभ रंग सुन्तला र सेतो हो भने शुभ अंक १ र ५ रहेको छ ।

**कन्या** : साताको प्रारम्भमा धैर्य र पराक्रममा वृद्धि हुनेछ । कार्यक्षेत्रमा कार्य समयमा सम्पादन हुनाले नयाँ कार्य प्रारम्भ गर्न सक्नु हुनेछ । यो साताको शुभ रंग गुलाबी र हरियो हो भने शुभ अंक २ र ६ रहेको छ ।

**तुला** : साताको प्रारम्भमा साहसिक कार्य गर्ने समय रहेको छ । अधिकारी वर्गहरुबाट प्रशंसा पाइनेछ । साताको अन्तिममा अरूलाई प्रभावित पारेर कार्य बनाउन सक्नु हुनेछ । यो साताको शुभ रंग सेतो र गुलाबी हो भने शुभ अंक २ र ७ रहेको छ ।

**वृश्चिक** : साताको प्रारम्भमा उद्योग व्यापारबाट धन लाभ हुनेछ । प्रशासनिक वा राजकीय मामिलाहरु सुल्झिनेछन् । धार्मिक यात्राको रुपरेखा कोरिन सक्छ । यो साताको शुभ रंग सिन्दुरी र बैजनी हो भने शुभ अंक ७ र ९ रहेको छ ।

**धनु** : साताको प्रारम्भमा सामाजिक प्रतिष्ठा बढ्नेछ । आर्थिक पक्ष सबल रहनेछ ।साताको अन्तिममा सकारात्मक सोचले काम गर्नुहोस् उत्साह बढ्नेछ । यो साताको शुभ रंग पहेलो र खैरो हो भने शुभ अंक ६ र ९ रहेको छ ।

**मकर** : साताको प्रारम्भमा वैदेशिक रोजगारका नयाँ अवसरहरु मिल्नेछन् । स्वास्थलाई लिएर सचेत रहनुहोला । सवारी साधनमा धन खर्च हुनेछ । यो साताको शुभ रंग खैरो र सुन्तला हो भने शुभ अंक ३ र ६ रहेको छ ।

**कुम्भ** : साताको प्रारम्भमा व्यापार व्यवसायमा लाभ मिल्नेछ । चिकित्सा वा कृषिको क्षेत्रबाट मनग्य लाभ आर्जन गर्न सकिनेछ । भौतिक संसाधन जुटाउन सक्नुहुनेछ । यो साताको शुभ रंग केशरी र निलो हो भने शुभ अंक ४ र ७ रहेको छ ।

**मीन** : साताको प्रारम्भमा राजनीतिक क्षेत्रमा सफलता मिल्नेछ । कार्यक्षेत्रमा पदोन्नतिको योग छ । साताको मध्यमा पिताको स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ । यो साताको शुभ रंग पहेलो र निलो हो भने शुभ अंक ६ र ९ रहेको छ ।

# एमालेमा भण्डारीको पुनरागमनपछिका तीन सम्भावना



किशोर दहाल. . .

शनिबार राष्ट्रिय सभागृहमा आयोजित कार्यक्रममा पूर्वराष्ट्रपति विद्या भण्डारीले बहुप्रतिक्षित घोषणा गरिन्–'फरक ढंगको राजनीतिक जिम्मेवारीबाट मुक्त भएपछि नेकपा (एमाले) मै रहेर पार्टीको राजनीतिक यात्रालाई निरन्तरता दिने पवित्र उद्देश्यका साथ मैले पार्टी सदस्यता नवीकरण गरेको छु । अब म नेकपा (एमाले) परिवारको एक सदस्यको रूपमा पुनः जोडिएको छु र यसमा म गर्व गर्दछु ।' भण्डारीको घोषणालाई कार्यक्रममा उपस्थित भएका नेता तथा कार्यकर्ताले ठूलो तालीका साथ अनुमोदन गरेका थिए ।

राष्ट्रपतिबाट बाहिरिएपछि उनी नेकपा एमालेमै फर्किने चर्चा चलिरहे पनि त्यसको औपचारिक घोषणा भएको थिएन । अन्ततः शनिबार त्यसको पटाक्षेप भएको छ । हुन त उनले आफ्नो घोषणामा एमालेको परिवारमा जोडिएको र आफ्नो कुनै विशिष्ट महत्वाकांक्षा नभएको बताएकी छिन् । एकजना पूर्वराष्ट्रपति एमाले कार्यकर्ता बन्ने रहर मात्रै राखेर पार्टी राजनीतिमा फर्किएकी हुन् भन्ने कुरा पत्यारपूर्ण छैन । उनलाई एमालेको भावी अध्यक्षको रूपमा देख्ने पंक्ति एमालेभित्रै बलियो छ । त्यसको आधार पनि छन् ।

पूर्वराष्ट्रपतिको पार्टी पुनरागमन नेपालको कलिलो गणतन्त्रको एक उल्लेखनीय घटना हो । उनी राष्ट्रपतिको कुर्सीमा छँदा एमालेलाई सहयोग पुग्ने गरी निर्णय लिने गरेको आरोप लाग्ने गर्थ्यो । पुनः एमालेमा फर्किँदा उनलाई त्यतिबेला लागेको आरोप सत्य निकट रहेको स्थापित हुन्छ ।

मुख्यतः भण्डारीको पार्टी राजनीतिमा पुनरागमनले गणतन्त्रको साख कमजोर बनाउन योगदान गर्नेछ । राष्ट्रको अध्यक्ष भइसकेका व्यक्तिले पार्टीको अध्यक्ष बन्न खोज्नुले स्वयं गणतन्त्रवादीहरुबाट गणतन्त्रमा खतरा रहेको विश्लेषण गर्नेहरुलाई बल पुग्छ । आगामी दिनमा पार्टीमा फर्किन रहर गर्नेले राष्ट्रपति बन्न रहन नगरून् भन्ने मत बलियो बन्ने छ ।

भण्डारीको पुनरागमनले एमालेमा त उथलपुथल ल्याउने नै छ । त्यहाँ अब व्यापक ध्रुबीकरण हुने निश्चत छ । किनकि, यतिबेलाकी भण्डारी २०७२ की कमजोर उपाध्यक्ष होइनन् । उनी शक्तिशाली हुनेछिन् । अब उनलाई नेतृत्व मान्नेहरुले वर्तमान अध्यक्ष केपी शर्मा ओली विरूद्ध फरकमत दर्ज गर्न राखिरहेको हिचकिचाहट तोड्ने हिम्मत गर्न सक्छन् । एमालेको एघारौँ महाधिवेशन नजिकिँदै जाँदा यो क्रम तीव्र बन्न सक्छ । नेपालको राजनीतिमा अन्य उल्लेखनीय नयाँपन पनि ल्याउने सम्भावना छ ।

### पहिलो सम्भावना-एमाले प्रमुखमा पहिलो महिला

नेपालका राजनीतिक पार्टीको नेतृत्व महिलाले गरेको उदाहरण पाउन सकिन्छ । २०३५ सालमा पुष्पलालको निधन भएपछि उनले नेतृत्व गर्दै आएको कम्युनिस्ट पार्टीलाई उनकै श्रीमती समेत रहेकी नेता साहना प्रधानले नेतृत्व गरेकी थिइन् । त्यस्तै, तत्कालीन संयुक्त जनमोर्चाको नेतृत्व केही समयका लागि पम्फा भुसालले गरेकी थिइन् । मधेस केन्द्रित दलमा आनन्दीदेवी सिंहले नेपाल सद्भावना आनन्दीदेवी तथा सरिता गिरीले नेपाल सद्भावना पार्टीको नेतृत्व गरिसकेका छन् ।

एमाले तीभन्दा धेरै प्रभावशाली पार्टी हो । यस पार्टीबाटै मनमोहन अधिकारी, माधवकुमार नेपाल, झलनाथ खनाल र केपी शर्मा ओली गरी ६ पटक प्रधानमन्त्री बनिसकेका छन् । विद्या भण्डारीको एमालेमा सक्रिय हुने निर्णय विगतका अन्य कमजोर पार्टी होइन, एमाले जस्तो प्रभावशाली पार्टीको नेतृत्व गर्ने आकांक्षासँग जोडिएको छ ।

नवौं महाधिवेशनबाट केपी शर्मा ओलीको उदय भएपछि पार्टी उनको कब्जामा छ । झन् नेकपा र एमाले स्वयंको विभाजनपछि त ओलीको एकल निर्णय र चाहनाबाट पार्टी सञ्चालन भइरहेको छ । विपक्षी आवाज टिक्न नसक्ने अवस्था छ । स्पष्टीकरण र निष्कासन सामान्य बनेको छ । भीम रावलको निष्कासन र विन्दा पाण्डे तथा उषाकिरण तिमिल्सिनालाई ६ महिनासम्म गरिएको निलम्बन त्यसकै उदाहरण हो ।

कुनै पनि पार्टीमा नेतृत्वको मनोमानी बढ्दै गएपछि त्यसबाट पीडितहरुले वैकल्पिक नेतृत्व विकासका लागि प्रयत्न गर्छन् । कतिपय अवस्थामा पार्टी नै विभाजन हुन्छ । कतिपय अवस्थामा वैकल्पिक नेतृत्वको उदय हुन्छ । जस्तो कि, नेपाली कांग्रेसमा गिरिजाप्रसाद कोइरालाबाट पीडित र असन्तुष्टहरुले शेरबहादुर देउवाको उदयलाई सघाएका थिए । २०५९ मा पार्टी नै विभाजन भएको थियो । एमालेमा पनि ओलीबाट पीडित र उनीसँग असन्तुष्टको समूह ठूलो छ । जसले गर्दा तिनले भण्डारीको आगमनलाई स्वागत गर्ने वा विरोध नगर्ने रणनीति लिन सक्छन् । त्यस्तो अवस्थामा उनलाई पार्टी नेतृत्वमा स्थापित गर्न सक्छ ।

यद्यपि, ओली पार्टीभित्र शक्तिशाली छन् । आफ्नो चाहनाको अनुमोदनका निम्ति उनले पार्टी सत्ता र राज्य सत्ताकै उपयोग दुरूपयोग गर्न सक्छन् । विधान संशोधन गर्न सक्छन् । त्यसैले एमालेको नेतृत्वमा भण्डारीको पहुँच कठिन भने हुनसक्छ । तर असम्भव होइन । उनको पक्षमा माहोल बनाउन सामाजिक सञ्जालमा 'मदनको नीति, विद्याको नेतृत्व' जस्ता अभियान चलिरहेको छ । जसले जबज पक्षधर धेरैलाई भावनात्मक रूपमा भण्डारी नजिक पुऱ्याउन सक्छ ।

### दोस्रो सम्भावना-पहिलो महिला प्रधानमन्त्री

नेपालको राजनीतिमा महिला प्रधानमन्त्रीको चर्चा पटक–पटक चल्ने गरेको छ । यद्यपि प्रायः जसो पुरूष प्रधानमन्त्री तथा पूर्वप्रधानमन्त्रीहरुले नै आफ्नो भाषणका क्रममा यस्तो चर्चा दोहोऱ्याउने गरेका छन् । गत वर्ष भदौ ८ मा काठमाडौंमा आयोजित युथ कन्क्लेभमा सहभागीको प्रश्नको जवाफ दिने क्रममा प्रधानमन्त्री ओलीले नै आफूले पहिलो राष्ट्रपति, प्रधानन्यायाधीश, सभामुख र मुख्यसचिव समेत महिलालाई बनाएको भन्दै आफूले पहिलो महिला प्रधानमन्त्री बनाउन चाहेको बताएका थिए । 'तर त्यसका लागि अलिकति तयारी गर्नुपर्छ । रियालिटीमा अब दुई महिना, तीन महिना, अर्को साल महिला प्रधानमन्त्री बनाइहाल्छु भन्न अलिकति मुस्किल हुनसक्छ, तर छिट्टै बनाउने तयारीबारेमा सोचिराखेको छु ।'

यद्यपि, नेपालका महिला नेता स्वयंले आफू प्रधानमन्त्री बन्ने महत्वाकांक्षा नराखेको होइन । त्यसका लागि प्रयत्न समेत नगरेको पनि पनि होइन । त्यस्तो नेतामा पर्छिन्–शैलजा आचार्य । राजा महेन्द्रलाई कालो झन्डा देखाएका कारण जेल परेकी शैली आचार्यलाई भेट्न पुगेकी विराटनगरकी शान्ता घिमिरे स्मरण गर्दै भन्छिन्, 'शैलजा भेटघाटको अन्त्यसम्म कहिल्यै नबस्ने ।

ऊ नेताले जस्तो हात हल्लाउँदै बीचबाटै गइदिने । ए शैलजा के गरेको भन्दा ऊ 'फर्स्ट लेडी प्राइम मिनिस्टिर अफ नेपाल' भन्दै हात हल्लाउँथी,' उनी भन्छिन् । त्यो समयमै उनले भावी प्रधानमन्त्रीका लागि आफूलाई तयार पार्न थालेकी थिइन् । त्यो केवल राजनीतिक कैदीको कारागार रोमाञ्चकता मात्र थिएन भन्ने कुरा शैलजाको पाँच दशकको सक्रिय राजनीतिले देखाउँछ । *(आन्विका गिरी/फागुन १५, २०७२/कान्तिपुर कोसेली)*

२०५१ को आमनिर्वाचनमा कांग्रेस दोस्रो ठूलो पार्टी भएपछि गिरिजाप्रसाद कोइरालाले संसदीय दलको नेता बन्न अरूचि राखेपछि आचार्य सहित शेरबहादुर देउवा, खुमबहादुर खड्का, रामचन्द्र पौडेल लगायत आठ नेता अघि सरेका थिए । आचार्यलाई कोइरालाले नै रोकेका थिए । अन्ततः देउवा संसदीय दलको नेता बने र प्रधानमन्त्री पनि ।

अघिल्लो वर्ष असारमा कांग्रेस–एमालेबीच सत्ता साझेदारी भएपछि एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बने । उनीपछि कांग्रेस सभापति शेरबहादुर देउवाको पालो बताइएको छ । यद्यपि, ओलीपछि देउवापत्नी समेत रहेकी परराष्ट्रमन्त्री आरजु राणा प्रधानमन्त्री बन्ने आकलन भएका थिए ।

गत भदौमा दिल्ली गएका बेलामा आरजुले प्रधानमन्त्रीहाराहारीकै पाएको सम्मानले त्यस्तो आकलनलाई थप बलियो बनायो । नेपालको सत्ता राजनीतिमा प्रभाव राख्ने भनिएको दिल्लीले दिएको सम्मानको विशेष अर्थ हुने टिप्पणी नेपालमा भएको थियो । तर पुसमा पुनः दिल्ली पुगेका बेलामा अघिल्लो पटक जस्तो सम्मान नपाएकाले त्यस्तो आकलन हुन छाडेको छ ।

विद्या भण्डारीले एमालेबाट पुनः सक्रिय राजनीति गर्ने घोषणा र नेतृत्व गर्ने सम्भावना अन्ततः उनको प्रधानमन्त्री बन्ने सम्भावनासँग जोडिन्छ । बलियो पार्टीको प्रमुख हुँदा त्यस्तो सम्भावना जोकसैका निम्ति सहज बन्छ । भण्डारी दुई पटक राष्ट्रपति भइसकेकाले झनै सहज बन्छ ।

### तेस्रो सम्भावना-वाम एकतालाई बल !

प्रत्येक निर्वाचनमा फरक–फरक कम्युनिस्ट पार्टीले पाएको एकीकृत मत हेर्दा जनतामा यस्ता पार्टीप्रतिको मोह प्रष्ट हुन्छ । यद्यपि, उनीहरु स्वयंबीच प्रतिस्पर्धा हुने गरेकाले स्वयंको संसदीय उपस्थिति कमजोर मात्रै भएको छैन, गैरकम्युनिस्ट पार्टीलाई समेत फाइदा पुगिरहेको छ । अर्कोतिर, संसद्मा पनि चार पाँच वटा पार्टी हुने गरेका छन् । त्यसैले कार्यकर्ताले कम्युनिस्ट नामधारी बढीभन्दा बढी पार्टीबीच एकता होस् भनेर चाहना राख्दै आएका छन् ।

त्यसो त नेपालका कम्युनिस्ट पार्टीहरुको साढे सात दशकको इतिहास केलाउँदा एकता र विभाजनका प्रशस्तै डोब भेटिन्छ । एकताको सबैभन्दा सशक्त प्रयत्न भने २०७४–७५ मा भएको थियो । शान्तिपूर्ण र सशस्त्र राजनीतिको वकालत र प्रयोग गरेका नेपाली कम्युनिस्ट आन्दोलनका दुई भंगाला एमाले र माओवादी केन्द्रले २०७४ को निर्वाचनअघि वाम गठबन्धनको घोषणा गरेका थिए । दुई ठूला कम्युनिस्ट पार्टीले चुनावमा गठबन्धन बनाउँदै एकताको वाचा समेत गरे । कार्यकर्ता र मतदाताले त्यस्तो वाचालाई अनुमोदन गरे । संसद्मा झन्डै दुई तिहाइ मत दिए ।

दुई पार्टीबीच २०७५ जेठ ३ गते एकता नै भयो र नेकपा गठन भयो । इतिहासकै सबैभन्दा बलियो र प्रभावशाली कम्युनिस्ट पार्टी बनेपछि कार्यकर्ता पंक्तिमा राजनीतिमा ठूलो उत्साह

बाँकि ३ पेजमा

# पूर्वमन्त्री मोहन बस्नेतलाई २५ लाख धरौटीमा छाड्न विषेश अदालतको आदेश

**नौमूलेपोष्ट समाचारदाता**
**काठमाण्डौ**

पूर्वमन्त्री एवं नेपाली कांग्रेसका निलम्बित सांसद मोहनबहादुर बस्नेतलाई २५ लाख धरौटीमा छाड्न अदालतले आदेश जारी गरेको छ । विशेष अदालत, काठमाडौंले आइतबार बस्नेत माथिको थुनछेक बहसपछि आदेश जारी गर्दै २५ लाख धरौटी माग गरेको हो । विशेष अदालतका सदस्यहरु तेजनारायण सिंह राई, रामबहादुर थापा र विदुर कोइरालाको इजलासमले सो आदेश जारी गरेको हो ।



नेपाल दूरसञ्चार प्राधिकरणको टेरामक्स प्रविधि खरिदमा भ्रष्टाचार मुद्दा लागेका पूर्वमन्त्री बस्नेत आइतबार अदालत उपस्थित भएका थिए । आइतवार नै बयान र थुनछेक बहस भएको थियो । बस्नेत सञ्चार तथा सूचना प्रविधिमन्त्री भएका बेला उनैको निर्णयबाट टेरामक्स प्रविधि खरिदको निर्णय भएको थियो ।

मुद्दा दायर भएलगत्तै उनी सांसद पदबाट निलम्बित छन् । तत्कालीन मन्त्री बस्नेत नेतृत्वमा नेपाल दुरसञ्चार प्राधिकरणको वार्षिक बजेट र कार्यक्रमबारे छलफल भएको थियो । त्यसपछि प्राधिकरणले बजेट र कार्यक्रम स्वीकृत गर्ने प्रस्ताव मन्त्रालयमा पठायो ।

अर्थशास्त्री विमला पोखरेलको नामबाट सुरू भएको राय उपसचिव, सहसचिव हुँदै मन्त्रालयका तत्कालीन सचिव महेन्द्रमान गुरूङ समक्ष पेस भएको थियो । २३ भदौ २०७४ मा मन्त्री बस्नेतले दुरसञ्चार प्राधिकरणको वार्षिक बजेट स्वीकृत गरिएको भनी लेखिएको थियो ।

भ्रष्टाचार मुद्दा दायर हुनुअघि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा गएर बयान दिँदा उनले कसैको गोपनीयता भंग गर्ने र कल डिटेल हेर्ने उद्देश्यले आफूले त्यो प्रणाली स्थापनाको निर्णय नगरेको जिकिर गरेका थिए ।

## एमालेमा. . .

ल्यायो । तर यो एकता लामो समय टिक्न सकेन । २०७७ मै पार्टीभित्रको विवादले अनौपचारिक विभाजन भइसकेको अवस्थामा सर्वोच्च अदालतले एक फैसला मार्फत् दुवै पार्टीलाई औपचारिक रूपमै पूर्ववत् अवस्थामा फर्काइदियो ।

हतारमा भएको एकता टिक्न नसकेको विश्लेषण अझै पनि नेता तथा कार्यकर्ताले गर्ने गरेका छन् । साथसाथै, पुनः परिपक्व एकताको पक्षमा विचार राख्नेहरु पनि छन् । मुख्यतः विद्या भण्डारीलाई एमालेमा पुनरागमन गराउन प्रयत्नशील नेता तथा कार्यकर्ताले विद्या भण्डारीलाई एकताको बलियो मियोको रूपमा प्रक्षेपण गरेका छन् । ओलीले एमाले बाहेक अरू वामपन्थी नभएको भन्दै एकतालाई अस्वीकार गर्दै आएको पृष्ठभूमिमा भण्डारी एमालेको नेतृत्वमा आए एकता सम्बन्धी संवाद सहज रूपमा अघि बढ्न सक्ने आशा व्यक्त गर्छन् ।

तर माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल भने एमालेमा भण्डारी भण्डारी आउने बित्तिकै एकताको आधार बन्ने नदेख्ने बताउँछन् । कान्तिपुर दैनिकमा २०८२ असार ८ मा प्रकाशित अर्न्तवार्तामा उनले केपीजी र विद्याजीको राजनीतिक विचार, संस्कार र सोच एउटै भएको बताएका छन् । 'एमालेमा केपीजी जाने, विद्याजी आउनेबित्तिकै वाम एकताको आधार बन्ने म देख्दिनँ', उनको भनाई छ ।

*('देउवा र मबीच सम्बन्ध सहज हुँदो रहेछ भन्ने दुवैलाई महसुस भएको छ' (अर्न्तवार्ता)*

चीनले समेत वाम एकताको पक्षमा शुभेच्छा राख्ने र प्रोत्साहित गर्छ भन्ने बुझाइ नेपालमा बलियो छ । दाहालले त्यसका बाबजुद पनि एकता हुने सम्भावना कमजोर रहेको औंल्याएका छन् । भनेका छन्, 'वामपन्थी एक भइदिए हुन्थ्यो भन्ने कुरा चीनका नेताले जहिले पनि व्यक्त गर्छन् । यो 'ओपन सेक्रेट' छ । तर चीनको सदाशयताअनुसार नेपालका वामपन्थीहरु चल्दैनन् । आफ्नै विचार, विवेक र परिस्थिति अनुसार निर्णय गर्छन् ।'

*(दहाल कान्तिपुरका पत्रकार हुन् । उनी लेख/रचना शाखामा कार्यरत छन् । -कान्तिपुरवाट)*

# आर्थिक समृद्धिको आधार कृषिः मुख्यमन्त्री

**नौमूलेपोष्ट समाचारदाता**
**सुर्खेत**

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले कर्णाली प्रदेशको आर्थिक समृद्धिको बलियो आधार कृषि भएको बताएका छन् । आइतबार वीरेन्द्रनगरमा अखिल नेपाल किसान महासंघ जिल्ला कमिटी सुर्खेतले आयोजना गरेको २२ औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सवलाई सम्बोधन गर्दै यस्तो बताएका हुन् ।



उनले कृषिमा आत्मनिर्भर बन्ने बाटो रोज्नुपर्ने र त्यसका लागि परम्परागत प्रणालीलाई परिमार्जन गरी आधुनिक, वैज्ञानिक र व्यावसायिक कृषि प्रणालीको अवलम्बन गर्न सके अहिलेको अवस्था बदल्न सकिने उनको भनाइ छ ।

मुख्यमन्त्री कँडेलले कृषिलाई जीविकोपार्जनको माध्यम मात्र नभई आम्दानी र रोजगारीको स्थायी स्रोतका रुपमा कृषि पेशालाई विकास गर्नुपर्ने उल्लेख गरे । उनले भने, "हामी कृषिमा आत्मनिर्भर बन्न सक्छौं, तर त्यसका लागि सरकार, किसान, प्राविधिक, निजी क्षेत्र र समुदाय सबैको साझा प्रयास आवश्यक छ । खेतीपातीलाई अब जीविकोपार्जनको भर होइन, व्यवसायको मुख्य माध्यम बनाउँदै लैजानुपर्छ ।"

मुख्यमन्त्री कँडेलले कर्णालीको भौगोलिक अवस्थाले पनि विशिष्ट कृषि उत्पादनका लागि सम्भावना बोकेको उल्लेख गर्दै त्यसको वैज्ञानिक व्यवस्थापन गर्न सके कृषि क्षेत्रबाट नै रोजगारी, उत्पादन र आम्दानी बढाउन सकिने बताए ।

कृषक पञ्जीकरण, कृषि सहुलियत ऋण, गुणस्तरीय बिउ र मलको वितरण, तालिम तथा सिँचाइ पूर्वाधारको विस्तारमा प्रदेश सरकारले विशेष प्राथमिकता दिएको मुख्यमन्त्री कँडेलको भनाई छ । कार्यक्रममा स्थानीय किसान, जनप्रतिनिधि, कृषि प्राविधिक, संघ संस्थाका प्रतिनिधि र सर्वसाधारणको उपस्थिति रहेको थियो ।

# विद्यार्थीलाई दुना टपरी बनाउने तालिम

**नौमूलेपोष्ट समाचारदाता**
**रुकुमपश्चिम**

रूकुमपश्चिमको बाँफिकोट गाउँपालिका ९ झुलामा रहेको जनकल्याण माध्यमिक विद्यालय पुराना गाउँका अध्ययनरत विद्यार्थीलाई दुना टपरी बनाउने तालिम दिइएको छ । यहाँको कक्षा ७ मा अध्ययनरत २१ जना विद्यार्थीले दुना टपरी बनाउन जानेपछि खुसी व्यक्त गरेका छन् । कक्षा ७ मा अध्ययनरत छात्रा प्रेमीका केसीले घोकन्ते विद्याभन्दा व्यवहारमा प्रयोग हुने सीप सिक्न पाएकोमा खुशी व्यक्त गरे ।

विद्यालयमा शिक्षकले व्यावहारिक रूपमा र साँझ घरमा थप प्रयास गरेपछि आफूले चिटिक्कको दुना टपरी बनाउन सिकेको उनले बताईन् । छात्रा प्रेमिकाले घरमा आमा फुपुहरूले टुना टपरी बनाएको देखेको मात्र भए पनि अब आफूले पनि बनाउन जानेको बताईन् । विद्यालयमा रहरै रहरको वातावरणमा उक्त सीप सिक्न पाएको उनले बताईन् ।

अर्का छात्र वसन्त दाहालले पनि विद्यालयमै दुना टपरी बनाउन सिकेको बताए । आफूले विद्यालयमा बनाएको टपरी घरमा लिएर जाँदा परिवारमा सबै जना खुसी भएको बताए । प्रेमिका र वसन्तजस्तै जनकल्याण माविमा कक्षा ७ मा अध्ययनरत २१ जना विद्यार्थी दुना टपरी बनाउन उत्सक देखिएका छन् । गाउँपालिकाले निर्माण गरेको 'हाम्रो बाँफिकोट' पुस्तकमा 'दुना टपरी' भन्ने पाठ छ । सोही पाठ अर्न्तगत कक्षा शिक्षक सुनिता केसीले विद्यार्थीलाई दुना टपरी बनाउन सिकाएकी हुन् ।

विद्यालयका शिक्षक सुनीता केसीले कक्षामा विद्यार्थीले उत्सुकतासाथ दुना टपरी बनाउन सिकेको बताईन् । उनले विद्यार्थीले कक्षामा बनाएको दुना टपरी घरमा देखाउँछु भन्दै खुसी भएर लैजाने र घरमा गएर पनि टपरी अझै राम्रो बनाउँछु भनेर खुसी व्यक्त गरेको बताईन् । अभिभावकहरू बच्चाको सीप देखेर खुसी भएका छन् । घरमा, विवाहमा, पूजापाठ लगायतका सामाजिक कार्यमा प्रयोगमा आउने स्थानीय उत्पादनमा आधारित सामग्री आफैं बनाउन जान्दा विद्यार्थी व्यवहारिक बन्ने शिक्षक केसीले उल्लेख गरिन् ।


**सर्पको टोकाईबाट बच्न,**

- घर वरीपरि सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँहरुको उचित व्यवस्थापन गरौं।
- खुला स्थानमा दिशा पिशाव नगरौं।
- घरवरिपरी सफा राखौं प्वालहरु टालौं।
- खालि खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाएर हिडौं।
- सुत्ने बेला ओछ्यान राम्ररी हेरौं, सुत्दा झुलको अनिवार्य प्रयोग गरौं।
- रातीमा हिड्दा टर्च लाइटको अनिवार्य प्रयोग गरौं।

नौमूले गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नौमूले, दैलेख

दर्ता नं.: १००९५/०७६/७७ ९८५८०५०३३१, sambridhiagro.sol@gmail.com
समृद्धि एग्रो सोलुशन
SAMBRIDHI AGRO SOLUTION





वीरेन्द्रनगर-६, मंगलगढीचौक सुर्खेत

**शुशिल रेष्टुरेण्ट एण्ड लज**
तपाँई हाम्रो सहर नयाँबजार गणेशचोक दैलेखमा विगत लामो समयदेखि संचालनमा रहेको यस होटलका सुविधाहरू :
- मिठो खानाका साथै आरामदायी वासको व्यवस्था
- खाजा नास्ताका साथै सेकुवा पनि पाइन्छ ।

कतै जानु परेमा गाडि रिर्जवको पनि सुविधा
प्रोप्राईटर : शुशिलकुमार महतरा गणेशचौक, दैलेख
मोवाईल : ९८४८०६२८१९ र ९८०४५९९९२७

**सागर होटल नौमूले बजार**
नौमूले गाउँपालिका १ नौमूले वजारमा रहेको यस सागर होटल पुरानो ठाउँदेखि केहि अगाडि पुल नजिकैको कटेजमा सरको जानकारी गराइन्छ ।
- हामिकहाँ स्वादिष्ट खाना, नास्ता, मम, लोकल कुखुराको मासु, चाउमिन, पकौडाका साथै लोहोरे खोलाको आलो ताजा माछा पनि पाइन्छ ।






*नौमूले गाउँपालिका १ नौमूले वजार पुल नजिकै*
प्रोप्राईटर : कर्णबहादुर चन्द
९८१४५१९४२३






**सवै सामान एकै छानामुनी**
खानेपानी नजिक मिलनचोकमा रहेको एलिजा स्टोर्समा अव सवै किसिमका सामान एउटै पसलमा उपलब्ध हुने जानकारी गराइन्छ ।
- खाद्यन्न थोक तथा फुटर विक्रि गरिनुका साथै ग्यास सिलिन्डर पाइन्छ ।
- सामान आवश्यक अनुसार घरमैं पुऱ्याउने व्यवस्था रहेको जानकारी गराइन्छ ।






*कतै जानु परेमा गाडि रिर्जवको पनि सुविधा छ*
प्रोप्राईटर : यज्ञप्रसाद रेग्मी
०८९-४२०१९७ र ९८५८०५०४९७




# मध्य असारसम्म दैलेखमा ३४ प्रतिशत मात्र रोपाँई

**नौमूलेपोष्ट समाचारदाता**
**दैलेख**

मध्य असारसम्म दैलेखमा ३४ प्रतिशत मात्र रोपाँई सम्पन्न भएको छ। कृषि विकास कार्यालय दैलेखका अनुसार मध्य असार सम्म ३४ प्रतिशत मात्र रोपाँई सम्पन्न भएको हो। दैलेखको नारायण नगरपालिका ७ विजौराको भनभने फाँटमा भएको धान दिवस तथा रोपाँई महोत्सवमा हालसम्म दैलेखमा ३४ प्रतिशत मात्र रोपाँई सकिएको जनाईएको छ।

आइतवार नारायण नगरपालिका ७ बिजौराको भनभने फाँटमा भएको २२ औं धान दिवस तथा रोपाइँ महोत्सव कार्यक्रममा कृषि विकास कार्यालय दैलेखका प्रमुख दशरथ पाण्डेले जिल्लामा हालसम्म ३४ प्रतिशत रोपाँई सम्पन्न भएको जानकारी दिए।

यस्तै कार्यक्रममा नारायण नगरपालिकाका मेयर लोमन शर्माले कृषकहरूको जीवनस्तर उठाउने र प्रविधिको प्रयोग बढाउन सरकारको लगानी बढ्दै गएको उल्लेख गरे। दैलेखका प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैह्रेले दुई तिहाई कृषकहरूले खेती गर्ने भएपनि उत्पादनले धान्न नसकेको बताए। उनले उन्नत प्रविधि र मेहनत बढाउन कृषकहरूलाई आग्रह गरे।

प्रगतिशील युवा उद्यमी कृषि तथा पशुपालन समूहका अध्यक्ष सबिरे योगीको अध्यक्षतामा भएको कार्यक्रमपछि मेयर शर्मा, प्रमुख जिल्ला अधिकारी गैह्रे, उपमेयर तप्ता थापा, दैलेखका प्रहरी प्रमुख डीएसपी गणेशबहादुर बराल, सशस्त्र प्रहरीका डीएसपी चन्द्रबहादुर खत्री, कृषि विकास कार्यालय दैलेखका कार्यालय प्रमुख



दशरथ पाण्डे, कृषि अर्थविज्ञ झलक भण्डारी, नारायण नगरपालिका कृषि शाखाका खेमराज शर्मा लगायतको टोली रोपाँईमा सहभागी भएका थिए। २२ औं धान दिवस तथा रोपाइँ महोत्सव कृषि विकास कार्यालय दैलेख र नारायण नगरपालिका कृषि शाखाको संयुक्त आयोजनामा सम्पन्न भएको हो।

# डुङ्गेश्वर गाउँपालिका २ का कृषकलाई निःशुल्क सुन्तला र कागतीका बिरूवा वितरण गरिदै

**जितबहादुर (रोशन) थापा**
**दैलेख**

दैलेखको डुङ्गेश्वर गाउँपालिका वडा नं. २ लाँकुरीले आफ्नो वडामा रहेका किसानहरूलाई सुन्तला र कागति तथा घाँसको विरूवा वितरण गर्ने भएको छ। वडा कार्यालयले वडाका कृषकलाई निःशुल्क रूपमा सुन्तला, कागती र घाँसको बिरूवा वितरण गर्ने भएको हो।

वडाका कम्तीमा पनि १ सय ५० जना व्यावसायिक रूपमा सुन्तला खेती गर्ने कृषकलाई निःशुल्क रूपमा सुन्तला तथा अमिलो जातका बिरूवा र घाँसको विरूवा वितरण गर्न लागेको वडाध्यक्ष यमबहादुर विष्टले वताए।

डुङ्गेश्वर गाउँपालिका सुन्तला र कागति उत्पादनका लागि प्रसिद्ध मानिँदै आएको छ। खड्क वि.सी कृषि तथा पशुपक्षी फर्मको विभिन्न नर्सरीमा उत्पादन गरिएका र कृषकको मागका आधारमा वडामा सुन्तला तथा अमिलो जातका बिरूवा वितरण गर्न लागेको डुङ्गेश्वर गाउँपालिकाका कृषि प्राविधिक विमल खत्रीले जानकारी दिए।

वडा कार्यालयले बितरण गर्ने बिरूवामा सुन्तला, कागती र घाँस लगायतका विरूवा रहेका छन्। सुन्तलाका कम्तिमा पनि तीन हजार विरूवा, कागतिका १ हजार ३ सय विरूवा वितरण गर्ने लक्ष्य रहेको वडाध्यक्ष विष्टले वताए।



वडाभरीका किसानलाई सुन्तला तथा अमिलो जातका फलफुल लगायतको खेतीमा आत्मनिर्भर बनाउनका लागि निःशुल्क रूपमा सुन्तला तथा अमिलो जातका बिरूवा वितरण गर्न लागेको वडाध्यक्ष विष्टको भनाई छ।

कृषकलाई निःशुल्क रूपमा सुन्तला, कगती र घाँसको बिरूवा यही असार १६ गते सोमवारका दिन वितरण गरिने वडा सचिव दुर्योधन वि.सीले जानकारी दिए।

आफुहरूले वडावाट निःशुल्क सुन्तला तथा अमिलो जातका फलफुलका विरूवा र घाँसको विरूवा पाउने भएपछि खुसि लागेको स्थानीयले वताएका छन्। विरूवा पाउने भएपछि घर नजिक सरकार छ भन्ने लागेको स्थानीयको भनाई छ।


**बाढीपहिरोबाट जोगिऔं**

जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदा :

- वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं।
- पहिरोको जोखिम भएको क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भु-क्षय रोक्ने खालका विरुवा रोपौं र संरक्षण गरौं।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं।

बाढीपहिरोबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।

**नौमूले पोष्ट साप्ताहिकद्वारा जनहितमा जारी सन्देश**

**'निकृष्ट प्रकारका बालश्रम रोक्नु हामी सबैको दायित्व हो'**

बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ अनुसार १४ बर्ष उमेर पूरा नगरेको बालकलाई श्रमिकको रूपमा काम लगाउनु तथा जोखिमपूर्ण काममा लगाउनु हुदैन।

**जोखिमपूर्ण काम भनेका:**

१. पर्यटन, आवास, होटेल, जुवाघर, रेष्टुरा, बार, पब, रिसोर्ट, पर्यटन सम्बन्धि व्यवसायहरू।
२. कार्यशाला, प्रयोगशाला, पशु बधशाला, सीत भण्डार, आदि सेवामूलक व्यबसायहरू।
३. सार्वजनिक परिवहन र निर्माण व्यबसायहरू।
४. रिक्सा वा ठेलागाडा।
५. कटिङ्ग मेसिन जस्ता कार्यहरू।
६. कोईला, प्राकृतिक तेल वा ग्याँस, बायोग्याँस, आदि प्रसारण वा वितरणसँग संबन्धित कार्यहरू।
७. चुरोट, बिँडी बनाउने, गलैँचा बुन्ने तथा रङ्गाउने, उन सफा गर्ने, कपडा बुन्ने, धुने, रङ्गाउने तथा बुट्टा छाप्ने, आदि।
८. आगजन्य पदार्थहरूको उत्पादन।
९. खानि खनिज पदार्थ, प्राकृतिक तेल, वा ग्याँसको उत्खनन्, प्रशोधन तथा वितरणसँग संबन्धित कार्यहरू।
१०. जमिनमुनि, पानीमुनि र धेरै उचाईमा चढेर गर्नुपर्ने कार्यहरू।
११. रासायनिक पदार्थहरूसँग सम्पर्क हुने कार्यहरू।

**बालश्रमिक राखेमा कानून बमोजिम हुने सजाय :**

- १४ बर्षमुनिका बालबालिकाहरूलाई काम लगाएमा ३ महिना सम्म कैद र १० हजार रुपैयाँ सम्म जरिवाना वा दुबै सजाय हुन्छ।
- कसैले कुनै पनि बालबालिकाहरूलाई जोखिमपूर्ण काममा लगाएमा १ बर्ष सम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुन्छ।

बालश्रम कानूनी एवं सामाजिक अपराध हो। त्यसैले सभ्य नागरिकको पहिचान दिउँ, समयमा नै सचेत होउँ।

सोसेक नेपाल SOSEC Nepal

**होटल नमस्ते नौमूले**

तपाई हाम्रै नौमूले वजारमा ग्रहाकहरूको मागलाई मध्यनजर गर्दै सुविधा सम्पन्न होटल नमस्ते संचालनमा आएको सहर्ष जानकारी गराउँदछौं।

हाम्रा सेवाहरू :



- विभिन्न किसिमका नास्ता खाना।
- टि.भी सहितको एटेज कोठा।
- १०० जना क्षमताको हल।
- गाडी पार्किङ्को सुविधा।
- वाई फाईको सुविधा।
- चौवीसै घण्टा पानी र वत्तीको सुविधा।

**होटल नमस्ते नौमूले बजार दैलेख**

सम्पर्क : ९८०९८९१७९०

**वर्षौंवर्ष देखि तपाँईहरूको सेवामा समर्पित**

**भैरहवा सुनचाँदी पसल**

हाम्रा विशेषताहरू-:

"विश्वास तपाईको ग्यारेण्टी हाम्रो"



"एक पटक सेवा गर्ने मौका दिनुहोस"

१) सम्पूर्ण ग्राहकवर्गहरूलाई मनपर्ने काँचो १ न. सुनको जस्तोसुकै विभिन्न डिजाइनका गरगहनाहरू उपलब्ध गराउनुका साथै थोक एवम् फुटकर विक्री गरिन्छ।
२) हामीकहाँ बनाइएका तथा खरिद गरेका गहना ग्राहकको चाहना अनुसार ग्राहकलाई आवश्यक परेमा सहयोग गरिन्छ।
३) ग्यारेन्टीको साथ रसायन नहालेर गहना निर्माण गर्नुको साथै पुराना गहनासँग नयाँ गहना नियमअनुसार साटिन्छ।

**प्रत्येक महिनाको १० गते र महिनाको अन्तिम शनिबार पसल वन्द हुनेछ।**

प्रो: कुलवहादुर वि.क फोन ०८९-४१००४२ पुरानो वजार, दैलेख

**नौमूले स्टेशनरी एण्ड अर्डर सप्लायर्स**

सवै स्टेशनरी समान एकै छानामूनी

नौमूले गाउँपालिका १ नौमूले वजार पुलचोक नजिकै दैलेख

- प्रमाण-पत्र, फोटो, न्याज, न्यानर रंगिन प्रिन्ट गरिनुका साथै फोटोकपी गरिन्छ।
- लाइलन छाप, विल, लेटरप्याड, नगदी रसिद छपाइनुका साथै कक्षा १ देखि १२ कक्षा सम्मका पाठ्यपुस्तक, गाइड गेसपेपर, सरकारी तथा गैर सरकारी कार्यालय प्रयोजनका सामाग्रीहरू पाइन्छ।

ROBINI MULTIPLE EDUCATION & TUTION CENTRE

कक्षा १ देखि १२ कक्षा सम्मका सवै विषयहरूको ट्यूसन कक्षाहरू सञ्चालनका साथै कम्प्यूटर वेसिक, डिप्लोमा तथा अफिस प्याकेज कोर्ष

प्रो. : शशिराम विश्वकर्मा ९८१६५०७५७७ र ९८०४५३१८४४

रेडियो मातृभूमि ९६.५ मेगाहर्ज एफ.एम.
नेपाली माटोको आवाज...
matribhumifm | mccnepal25@gmail.com | www.mccnepal.com.np
सबैतिर एकैसाथ
हाम्रो पात्रो | नेपाली पात्रो
नारायण नगरपालिका, जनकचोक, दैलेख
सम्पर्क: ०८९-५९०४२०, ४३०



**मातृभूमी संचार केन्द्र नेपाल प्रा.लि.द्वारा प्रकाशित नौमूलेपोष्ठ साप्ताहिकका लागि,** **प्रकाशक**: महेन्द्र सापकोटा, **सम्पादक**: विक्रम हमाल, **अतिथी सम्पादक**: चक्रपाणि लामिछाने, **समाचारदाता** : कमल प्रसाद जैसी, रोशन थापा, वसन्त सारु मगर, अस्मित सिजापति **वजार प्रतिनिधी** : तिलबहादुर सिजाली, **कार्यालय**: नौमूले गाउँपालिका १ दैलेख, **सम्पर्क कार्यालय** : मातृभूमी विजनेश प्लाजा जनकचोक दैलेख **इमेल** : naumoole.post73@gmail.com, sapkotamahendra83@gmail.com, **सम्पर्क फोन** : ०८९-५९०४२०, **मो.** ९८५८०७७४३० **मुद्रण** : सक्षम अफसेट प्रेस दैलेख **फोन** : ०८९-४२०४०३